# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेर्नां, ओखलढुंगा
कोशी प्रदेश, नेपाल


पत्र संख्याः २०८०/०८१
चलानी नं.: 9४०९

मिति : २०८१/०३/३१
नेपाल संवत्: ११४४ दिल्लाथ्व ९, सोमबार

श्री वडा कार्यालयहरु सबै (१-८) तथा सम्बन्धित सरोकारवलाहरु,
चिशंखुगढी गाउँपालिका,
सेर्नां, ओखलढुंगा।

विषयः **परिचय-पत्र नवीकरण सम्बन्धमा।**

प्रस्तुत विषयको सम्बन्धमा सामाजिक सुरक्षा नियमावली,२०७६ को (दोस्रो शंसोधन) को नियम ९, उपनियम १ को बुँदा नं ८ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि भाद्र मसान्त भित्र अनिवार्य रुपमा स्वयं उपस्थित भई सम्बन्धित् वडा कार्यालयमा निवेदन दिनु पर्ने प्रावधान भएकोले यस गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले आगामी आ.व २०८१/०८२ का लागि एम.आई.एस. प्रणाली मार्फत अनुसुची-४ बमोजिमको फाराम भरी भाद्र मसान्त सम्म तपसिल बमोजिमका कागजात सहित सम्बन्धित वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ताका लागि परिचय-पत्र नवीकरण गर्नु हुन अनुरोध छ।

**तपसिल**

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१ नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि -१ प्रति
२ अटो साईजको फोटो -१ प्रति
३ सामाजिक सुरक्षा भत्ता परिचय-पत्रको प्रतिलिपि -१ प्रति
४ अपाङ्गताको हकमा अपाङ्गता परिचय-पत्र र संरक्षकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि -१/१ प्रति
५ एकल महिलाको हकमा अविवाहित प्रमाण-पत्रको प्रतिलिपि -१ प्रति
६ विद्यवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपि -१ प्रति
७ राष्ट्रिय परिचय-पत्र नम्बर

***नोटः** राष्ट्रिय परिचय-पत्र नम्बर उपलब्ध नभएमा आवेदन फाराम उपलब्ध गराउनु पर्नेछ। साथै ९० वर्ष माथिका जेष्ठ नागरिक (आफ्नो हेरचाह आफै गर्न नसक्ने) लाभग्राहीहरुको हकमा संरक्षक वा माथवरले पनि निवेदन दिन सकिने छ।*

सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत